आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय, दमौली

# करदाता सेवा कार्यालय, गोरखा

# कर समाचार

## मनकामना क्षेत्रमा करदाता शिक्षा कार्यक्रम सम्पन्न

-भाद्र, ३१, २०८०

मिति २०८०।०५।३१ गते आइतबारका दिन करदाता सेवा कार्यालय गोरखाको आयोजना तथा गोरखा उद्योग वाणिज्य संघ, मनकामना बजार इकाई, गोरखा तथा शहिद लखन गाउँपालिका गोरखाको संयोजन तथा सहजीकरणमा आयोजित करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता शहिद लखन गाउँपलिका वडा नं. २ का वडाध्यक्ष श्री सकुन थापा मगरले गर्नु भएको थियो भने कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष श्री रमेश बाबु थापा मगरले प्रमुख अतिथिको आतिथ्यता ग्रहण गर्नु भएको थियो । करदाता सेवा कार्यालयको तर्फबाट कर अधिकृत श्री हिमलाल चापागाई र डाइसु श्री पूर्ण बहादुर तामाङले कार्यालयले प्रदान गर्ने विविध सेवाहरुका सन्दर्भमा करदाताहरुलाई जानकारी प्रदान गर्नु भएको थियो। कार्यक्रमले मूख्यतः प्यान दर्ता, भ्याट दर्ता तथा अन्तःशुल्क इजाजत पत्र जस्ता विषयलाई जोड दिइएको थियो । साथै, साना करदाताहरु जसले डे-१ आय विवरण भर्छन्, उनीहरुका लागि कसरी घरमै बसी आय विवरण बुझाउने, कर कसरी तिर्ने, कर चुक्ता कसरी निकाल्ने जस्ता विषयमा व्यवहारिक प्रस्तुती दिइएको थियो ।




*कार्यक्रममा प्रशिक्षण दिँदै कर अधिकृत श्री हिमलाल चापागाई*

करिब ५० जना करदाताहरु सहभागी रहेको यस कार्यक्रममा करदाताहरुले करदाता शिक्षा कार्यक्रमबाट लाभान्वित भएको र आगामी दिनमा समेत यस्ता कार्यक्रम सञ्चालन हुनुपर्ने माग राखेका छन् । धेरै करदताहरुले .मिसम्याच के हो? बक्यौता कसरी सिर्जना हुन्छ ? कर तिर्ने समय कुन हो ? जस्ता विषयमा जिज्ञासा राखेका थिए । गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उद्योग वाणिज्य संघ मनकामना बजार इकाई गोरखाका अध्यक्ष हरी श्रेष्ठले करदाताहरुको कर सहभागिता बढाउन सबैको साथ रहनु पर्ने बताउनु भयो । आगामी दिनमा करदाता शिक्षा कार्यक्रमलाई करदाताको माग र आवश्यकताको पहिचान गरि जिल्ला भरि नै सञ्चालन गर्ने योजना कार्यालयले बनाएको छ ।

-करदाता सेवा कार्यालय, गोरखा